



ISSN: 2990-7993(P)

Dhaulagiri Journal of Contemporary Issues
Vol 3, Issues 1
June, 2025

DOI: https://doi.org/10.3126/djci.v3i1.79705

**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung
**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI
**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# पागल कवितामा अद्‌भुत रसको उद्‌बोधन

लक्ष्मी रुम्बा
त्रि.वि. दर्शनाचार्य-विद्यावारिधि तहको दोस्रो सत्रमा अध्ययनरत शोधार्थी
Email: laxmirumba501@gmail.com

## लेखसार

लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी कवि हुन् । उनका कवितामा विभिन्न रसको प्रयोग भएको पाइन्छ । उनले रचेको ‘पागल’ कवितामा अद्‌भुत रसको केकसरी उद्‌बोधन भएको छ भन्ने समस्यामा केन्द्रित भई यो लेख तयार गरिएको छ । देवकोटाका कवितामा पाइने विविध रसका विषयमा विभिन्न अध्यताहरूले खोजमूलक अध्ययन गरेका भए पनि उनको ‘पागल’ कवितामा प्रयुक्त अद्‌भुत रसको विषयमा भने खोजी भएको देखिँदैन । ‘पागल’ कवितामा विभाव, अनुभाव र संचारी भावसँग विस्मय या आश्चर्य स्थायीभावको सम्बन्धका साथै विस्मय या आश्चर्य स्थायीभावको साधारणीकरणद्वारा अद्‌भुत रसको निष्पति कसरी गरिएको छ भन्ने प्रश्नको समाधानको खोजी गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ । यसका लागि पुस्तकालयकार्यको उपयोग गरी आवश्यक प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि गुणात्मक पद्धतिका साथै विषयवस्तु विश्लेषण विधिको उपयोग गरिएको छ । विश्लेषणका लागि पूर्वीय साहित्य चिन्तन परम्पराको रससूत्रलाई सैद्धान्तिक आधार बनाइएको छ । समाधेय प्रश्नको निचोड निकाल्न प्रस्तुत कवितामा प्रयुक्त अद्‌भुत रसको भावभूमिमा रसनिष्पत्ति र साधारणीकरणको संश्लिष्ट अवस्थालाई उपयोग गरिएको छ । समाजको निकृष्ट र निन्दनीय कार्यविरुद्ध सम्बोधक म को मानसिक भूगोलमा उठेको आवेशले विस्मयको स्वरुप ग्रहण गर्ने सन्दर्भमा प्रस्तुत कवितामा अद्‌भुत रस अभिव्यञ्जित भएको पाइन्छ । प्रस्तुत लेखबाट सम्बोधित म सांसारिक जीवनका प्रतिकूल अनुभव प्रकाशनका लागि विभाव, अनुभाव र सञ्चारी भावजस्ता लौकिक सामग्रीको माध्यमबाट प्रवाहित हुँदा विस्मयी या आश्चर्य स्थायीभावलाई उद्दीप्त तुल्याई अद्‌भुत रसले परिपूर्ण अवस्थालाई प्रमाणित गर्ने भावहरूको सपुष्ट वर्णन भएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले देवकोटाको ‘पागल’ कवितामा अद्‌भुत रसको जिज्ञासा राख्नेहरूका साथै रसमा केन्द्रित भई कविताको अध्ययन गर्न चाहनेहरूलाई मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

*शब्दकुञ्जी :* अनिर्वचनीय, अमर्ष, ब्रम्हवचन, विस्मित, समानुभूति, स्वेद

**Article Information**
**Received**: 11 February, 2025 **Reviewed:** 15 February, 2025 - 14 March, 2025 Revised: 15 March, 2025- 3 May, 2025
**Accepted:** 7 May, 2025 **Published:** 2 June, 2025
*Corresponding Author:* Laxmi Rumba
© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

प्रस्तुत लेख लक्ष्मीप्रसाद देवकोटाकृत 'पागल' कवितामा अद्‌भुत रसको उद्‌बोधनको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ । नेपाली काव्यजगत्‌मा लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) अपूर्व प्रतिभाका रूपमा सुप्रसिद्ध रहेका छन् । स्वच्छन्दतावादी भावधाराबाट नेपाली काव्यको मूललाई थप रसात्मक बनाउँनमा देवकोटाको अहम् भूमिका रहेको छ । उनका कवितामा दार्शनिक घनत्व, भावनाको तीव्र प्रवाह र संवेदनाको सूक्ष्म अभिव्यक्ति सम्प्रेषित भएको पाइन्छ । जीवनकालभरी सृजनामा अभ्यस्त उनका कवितासङ्ग्रह, खण्डकाव्य, महाकाव्य, निबन्धसङ्ग्रह, नाटक तथा कथासङ्ग्रहहरू प्रकाशित रहेका छन् । देवकोटाद्वारा लिखित सर्वाधिक चर्चित 'पागल' कविता प्रगति वर्ष-१ अङ्क-३, २०१० सालमा प्रथम पटक प्रकाशित भएको हो । यो कविता काव्यलेखनको दोस्रो चरणमा आइपुग्दा देवकोटाकाले आफ्नो व्यक्तिगत, साहित्यिक, राजनीतिक र सामाजिक जीवनमा भोग्नुपरेका पीडा, अपमान, तिरस्कार र आरोपलाई सामूहिक पीडामा बदल्दै त्यस्ता सबैखाले अव्यवस्था, शोषण, दमन, अन्याय, अत्याचारप्रति व्यङ्ग्यात्मक रुपमा तीव्र असन्तोष प्रकट गरिएको गद्य लयात्मक कविता हो ।

समाजमा स्थापित रूढ मूल्यमान्यताभन्दा पृथक रही मानवीय संवेदनाप्रतिको रुझानमा रचिएको प्रस्तुत कवितामाथि विभिन्न दृष्टिकोणबाट अध्ययन, अनुसन्धान र विश्लेषण भएको पाइन्छ । यादवप्रसाद शर्मा (२०२२) ले ध्वन्यात्मक अभिव्यञ्जनाका दृष्टिमा 'पागल' कविताको विश्लेषण गर्दै उक्त कवितामा अत्यन्त तिरस्कृत वाच्यध्वनि कसरी प्रयुक्त भएको छ भन्ने अध्ययन गरिएको छ । रेखा शर्मा (२०२३) ले पागल कवितामा रसविधानको विश्लेषणमा हाँस्य, श्रृङ्गार र शान्त रसको अवस्थालाई उल्लेख गर्दै अङ्गरसको रूपमा रौद्र र वीर रसको प्रयोग तथा अङ्गी रसको रूपमा अद्‌भुत रसको प्रयोगको अध्ययन गरेकी छन् । यी अध्ययनमा 'पागल' कवितामाथि अद्‌भुत रसको कोणबाट मात्रै पर्याप्त अध्ययन नभएको देखिन्छ । प्रस्तुत लेख देवकोटाको पागल कवितामा अद्‌भत रसको उद्‌बोधनअर्न्तगत रही पागल कवितामा विभाव, अनुभाव र संचारी भावसँग विस्मय या आश्चर्य स्थायीभावको सम्बन्ध कसरी स्थापित गरिएको छ तथा कवितामा विस्मय या आश्चर्य स्थायीभावको साधारणीकरणद्वारा अद्‌भुत रसको निष्पति कसरी गरिएको छ भन्ने मूल समाधेय समस्यामा केन्द्रित छ । पागल कवितामा अद्‌भुत रसको उद्‌बोधनअर्न्तगत रही पागल कवितामा विभाव, अनुभाव र संचारी भावसँग विस्मय या आश्चर्य स्थायी भावको सम्बन्ध कसरी स्थापित गरिएको छ तथा कवितामा विस्मय या आश्चर्य स्थायी भावको साधारणीकरणद्वारा अद्‌भुत रसको निष्पति कसरी गरिएको छ भन्ने प्रश्नको हल खोज्दै विश्लेषण गर्नु नै यस अध्ययनको मूल उदेश्य रहेको छ भने यो कविता अद्‌भुत रसका दृष्टिले विशेष अनुसन्धेय देखिन्छ । यस कवितालाई अन्य रसको कोणबाट अध्ययन गर्न सकिने भए तापनि यस अध्ययनमा अदुत रसलाई नै अङ्गी रसको रुपमा लिई विश्लेषण गरिएको छ । यसका लागि पागल कविताको समष्टिगत अध्ययनबाट सोद्देश्य नमूना छनोटका आधारमा चयन गरी अद्‌भुत रसका दृष्टिबाट सबल रहेका हरफहरूका साक्ष्यको मात्र सीमाङ्कन गरी विश्लेषण गरिएको छ । समग्रमा पूर्वीय रससिद्धान्तको आलोकमा यस कविताभित्र अर्न्तनिहीत अद्‌भुत रसलाई केलाउने कार्य यस अध्ययनमा गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीको रूपमा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित पागल कवितालाई लिइएको छ । 'पागल' कवितामा प्रयोग भएका पङ्क्तिहरूमा प्रस्तुत भएका उद्धरणलाई विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको छ । अध्ययनको समस्यासँग सम्बन्ध राख्ने पुस्तक तथा सैद्धान्तिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । दुबै सामग्री सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ । वर्णनात्मक व्याख्या विश्लेषण विधिको अवलम्बन गरी यस अध्ययनको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययनलाई मूर्त रुप दिन पूर्वीय काव्यशास्त्रअन्तर्गतको रस सिद्धान्तको केन्द्रका रूपमा रहेको रससूत्रलाई सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ । अध्ययनमा उठाइएको समस्याको प्राज्ञिक समाधानका लागि पूर्वीय साहित्य सिद्धान्तभित्रको अद्‌भुतरसको मूल स्थापनालाई आधार बनाइएको छ । पूर्वीय काव्यशास्त्रमा आचार्य भरतमूनिद्वारा स्थापित रससूत्र नै रससिद्धान्तको आधारभूमि रहेको छ । उनले "विभावानुभावव्यभिचारिसंयोगात् रसनिष्पति" भन्ने सुत्रमा विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुन्छ भनेर व्यक्त गरेको परिभाषा नै नाटकमा रस निष्पत्तिसम्बन्धी पहिलो मत रहेको छ । भरतको रसव्याख्यापश्चात् रुद्रट, आनन्दवर्धन, मम्मट, भोजराज, विश्वनाथ, जगन्नाथ आदि आचार्यहरूले भरत उत्तरवर्ती चिन्तनको रुपमा रससिद्धान्तको उन्नयनमा अघि सारेका विविध मान्यता र तिनले स्थापना गरेका अवधारणाहरूको समग्रता नै रस सिद्धान्तको रुपमा स्थापित रहेको छ । "विभाव, अनुभाव र सञ्चारीभाव जस्ता भावहरूका साथमा चमत्कारपूर्ण भएर मानिसहरूको हृदयमा अलौकिक तथा विलक्षण आनन्दको लहर ल्याइदिने तत्वलाई रस भनिन्छ" (प्रधान, २०३३,पृ.१४५) । रसानुभूतिको आनन्द जादूमयी, अलौकिक र अनिर्वचनीय हुनाले नै यसलाई काव्यको आत्मरसको रुपमा स्वीकार्नु स्वाभाविक छ । समग्रमा भन्नुपर्दा सवै विद्वानहरूले काव्यको आस्वादनपछि विभाव, अनुभाव र सञ्चारीभावबाट तरङ्गित हुँदै मानव मनभित्र सुसुप्तावस्थामा विद्यमान रहेको स्थायीभाव जागृत गराई आत्मानुभूतिको विन्दुबाट प्राप्त हुने आनन्द नै रस हो भनेर रसलाई परिभाषित गरेका छन् ।

भरतमूनिको नाट्यशास्त्रमा ब्रम्हवचन अनुरूप आठ प्रकारको रस हुने बताएपनि आठौं शताब्दीका उद्भट्ले नाटकमा शान्त रसलाई स्थापन गरेपश्चात् संस्कृत साहित्यमा नौंवटा स्थायीभाव अनुसार नौ प्रकारका रसलाई प्राधान्य दिइएको छ । जसमध्ये विस्मय (आश्चर्य) स्थायीभाव रहेको अद्भुत रस एक महत्वपूर्ण रसको रुपमा रहेको छ । "विस्मय स्थायी भावात्मक अद्भुत नामको रस मानिएको छ । त्यो रस दिव्यजनको दर्शन, इच्छा राखेको मनोरथको प्राप्ति, उपवन-देवमन्दिर आदिमा गमन, सभा-विमान-माया-इन्द्रजालका सामग्रीको सम्भाबना आदि विभावद्वारा उत्पन्न हुन्छ । आँखा ठुलो पारेर हेर्नु, झिम्म पनि नगरेर हेरिरहनु, रोमाञ्च, अश्रु, स्वेद, हर्ष, स्यावासी दिनु, धनादि दिनु, बारम्बार हाहा र हुहु गर्नु, हात-मुख-रुमाल आदि वस्त्रको टुक्रा, औंला घुमाउनु आदि अनुभाव र स्तम्भ-अश्रु-स्वेद-गद्गद स्वर-रोमाञ्च-आवेग-सम्भ्रम-प्रहर्ष-चपलता-उन्माद-धृति-जडता-प्रलय आदि यसका व्यभिचारी भाव हुन्" (भट्टराई, २०७७, पृ.१४२-१४३) । विभाव रसको कारकतत्व हो । विभाव आलम्बन र उद्दीपन दुई किसिमका रहेका छन् । स्थायी भाव उदय गराउने कारण पात्र नै आलम्वन विभाव हो । यो आश्रयालम्बन र विषयालम्बन गरी दुई किसिमको हुन्छ । "स्थायी भाव जागृत हुने कारणलाई विषयालम्बन भनिन्छ भने जसमा स्थायी भाव जागृत हुन्छ त्यो आश्रयालम्बन हो" ( गड्तौला, २०७१, पृ. १७) । स्थायी भावलाई उद्दीप्त गर्ने वस्तु, दृष्य परिवेश या अवस्था विशेष नै उद्दीपन विभाव हो । विस्मयी या आश्चर्य स्थायी भाव रहेको अद्भुत रसको आलम्बन बिभावको रुपमा अलौकिक वस्तु, असम्भव कार्य या विचित्रको दृष्य आदि पर्दछन् । उद्दीपन विभावको रुपमा मानिसलाई चकित पार्ने कार्य, विस्मयजनक वस्तु आदि पर्दछन् । "स्थायी भावको उदयपछि विभिन्न क्रिया-प्रतिक्रिया हुन्छन् । अर्को शब्दमा, शारीरिक विकार उत्पन्न हुन्छ । यसै क्रिया-प्रतिक्रिया र शारीरिक विकारलाई अनुभावको रूपमा लिन सकिन्छ । स्थायी भावको अनुभव गराउनेलाई अनुभाव भनिन्छ" (थापा, २०५०, पृ.२४५) । कायिक, मानसिक, आहार्य र सात्विक गरी अनुभाव चार किसिमका छन् । अद्भुत रसको सञ्चारी भाव अर्न्तगत वितर्क, शंका, आवेग, दैन्य, मद, ग्लानि, अमर्ष, उग्रता, औत्सुक्य आदि रहेका छन् । यस्ता भावहरू स्थायी भावको पुष्टिका निम्ति आएका हुन्छन् । अनगिन्ती मनका संवेगहरू, जुन क्षणक्षणमा देखिने र बिलाउने प्रवृत्तिका हुन्छन्, तिनीहरूलाई व्यभिचारी अथवा सञ्चारी भाव मानिन्छ । यिनीहरू अस्थिर प्रकृतिका हुनाले स्थायी भावलाई आस्वादन अवस्थामा पुर्‍याउन सहायता मात्र गर्न सक्छन् (अधिकारी, २०६७,पृ.२९) । यसरी साहित्य-कृतिको आस्वादनपश्चात् सहृदयको मनमा उत्पन्न ब्रह्मानन्दसहोदर आनन्दमयी भाव नै रस हो भने अलौकिक वस्तु, दृश्य वा घटना देखेर वा सुनेर हुने आश्चर्यात्मक चित्तवृत्ति नै अद्भुत रस हो ।

आचार्य भरतमूनिको रससुत्रको ब्याख्या गर्दा विभिन्न संस्कृताचार्यहरूले रसनिष्पतिसम्बन्धी मान्यतालाई विस्तारित गर्ने क्रममा रसप्रतीतिका लागि साधारणीकरणलाई महत्त्व दिने प्रथम व्यक्ति भट्टनायक हुन् । 'निष्पत्ति' लाई भुक्ति (भोग) र 'संयोग' लाई भोज्य- भोजक सम्बन्धको रूपमा विवेचना गर्ने भट्टनायकको विचारानुसार नटमा स्थायी भाव र दर्शकमा रसको स्थिति हुन्छ । जुन भावको साधारणीकरण हुन्छ त्यसले देश, काल र व्यक्तिसितको आफ्नो सीमित सम्वन्धलाई त्यागी सार्वकालिक र सार्वजनीन रूप ग्रहण गर्दछ । यसो हुनाले साधारणीकृत भाव पूज्य व्यक्तिसित सम्वन्धित भए पनि भावकका निम्ति आफ्नै भाव हुन जान्छ र उसलाई त्यो आफ्नै अन्तस्करणमा व्यक्त भएजस्तो लाग्दछ (उपाध्याय, २०६७, पृ.५५) । भावको मानवीकरण नै साधारणीकरण हो । यसरी विचित्र रुप वा वस्तु देखेर उत्पन्न आश्चर्यान्वित भावनाबाट नै अद्भुत रसको प्रादुर्भाव हुन्छ । यिनै विभाव, अनुभाव र संचारी भावको भावात्मक सम्मिलनसँगै विस्मयी स्थायी भाव निसृत भई अद्भुत रस उत्पन्न हुन्छ ।

पूर्वीय काव्यसिद्धान्तद्वारा परिभाषित रससिद्धान्त, विस्मयी या आश्चर्य स्थायी भावबाट निष्पन्न अद्भुत रसको यिनै धारणाहरूको आधारमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित पागल कविताभित्र अर्न्तनिहीत भावलाई प्रस्तुत अध्ययनपत्रमा विस्मयी स्थायी भावबाट जागृत हुने अद्भुत रसको कोणबाट विश्लेषण गरिएको छ ।

## नतिजा र विमर्श

'पागल' कविता समाजमा व्याप्त विभेद, उत्पीडन र शोषणविरुद्ध रुढ परम्परागत भाष्यहरूलाई चिर्दै न्याय, स्वतन्त्रता र समानताको पक्षमा उभिएको कविता हो । यस कवितामा अदभुत रसको उपस्थिति सघन बनाउनका लागि कवितामा प्रयुक्त विभाव, अनुभाव र संचारी भावको संयुक्तताबाट स्थायी भाव पैदा भएको छ । प्रस्तुत अध्ययनमा 'पागल कविता' मा अद्भुत रसको उद्बोधन विषयक रही पागल कवितामा विभाव, अनुभाव र संचारी भावसँग विस्मय या आश्चर्य स्थायी भावको सम्बन्ध तथा विस्मय या आश्चर्य स्थायी भावको साधारणीकरणद्वारा अद्भुत रसको निष्पतिमा केन्द्रित भएर विश्लेषण गरिएको छ ।

### विभाव र विस्मय या आश्चर्य स्थायी भावको सम्बन्ध

स्थायी भावलाई प्रकट गर्ने कारण नै विभाव हो । आङ्गिक, वाचिक र सात्विक अभिनयका माध्यमले चित्तवृत्तिलाई ज्ञापन गराउने कारकका रुपमा विभाव परिचित छ । यसर्थ विभावले गर्दा नै स्थायीभाव जागृत भई रस निष्पति हुने भएकाले यो रसको कारक तत्व हो । यिनै विभावावादि कारणले गर्दा नै स्थायी भाव जागृत भई रस निष्पति हुने भएकाले यो रसको कारकतत्व हो । प्रस्तुत अध्ययनमा 'पागल' कवितामा विभाव र विस्मय या आश्चर्य स्थायी भावको आन्तरिक सम्बन्धलाई विश्लेषण गरिएको छ :-

जरुर साथी म पागल !
यस्तै छ मेरो हाल !
म शब्दलाई देख्दछु !
दृश्यलाई सुन्दछु !
बास्नालाई स्वाद लिन्छु !
आकाशभन्दा पातला कुरालाई छुन्छु !
ती कुरा,
जसको अस्तित्व लोक मान्दैन
जसको आकार संसार जान्दैन !
म देख्दछु ढुङ्गालाई फूल !

प्रस्तुत काव्याशंमा विषयालम्बन विभावको रुपमा जीवनजगतको परम्परित भाष्यलाई स्वीकार्ने सम्बोधित 'साथी' को प्रयोग भएको छ भने आश्रयालम्बनका स्थानमा ती सबै सर्वस्वीकार्य मानवीय प्रवृत्तिका विपरीत उभिएका कवि अर्थात सम्बोधक 'म' को भूमिका रहेको छ । उद्दीपन विभावको रुपमा शब्द, दृष्य, वासना, आकाश, लोक, संसार आदिको चित्रण गरिएको छ । यिनै विभावादि कारणबाट चित्तवृत्तिको विभावन भई यस काव्याशंमा विस्मय या आश्चर्य स्थायी भाव जागृत हुन पुगेको छ । यहाँ प्रयुक्त दृश्यलाई सुन्नु, बास्नालाई स्वाद लिनु, ढुङ्गालाई फूल देख्नु आदिमा कवि मनको संबेदना र कवित्वको शक्तिले स्वीकारेको पाइन्छ । लोकद्धारा अस्वीकृत वस्तुमाथिको भावलाई कवित्वको भावनाले पूर्ण रूपमा स्वीकारेका कारण अद्‌भुत रस प्रकट भएको छ । प्रस्तुत काव्याशंमा रहेका विभावादीको कारण मानव मनको गहिराइमा लुकेको स्थिर भाव उजागर भई कविमनद्धारा स्थापित सांसारिक अस्तित्वको फरक परिचयमा एकाकार गराई विस्मय स्थायीभाव जागृत भई अद्‌भुत रस प्रकाशित भएको छ ।

तिमी ढुङ्गालाई वस्तु ठान्दछौ,
ठोस कठोरता तिम्रो यथार्थ छ !
म सपनालाई समात्न खोज्दछु,
जस्तो तिमी, त्यो चिसो, मीठो अक्षर काटेको
पान्ढिकीको बाटुलो सत्यलाई !
मेरो छ वेग काँढाको साथी !
तिम्रो सुनको र हीराको !
तिमी पहाडलाई लाटा भन्दछौ,
म भन्छु वाचाल !

प्रस्तुत साक्ष्यमा आश्रयालम्बन विभावको स्थानमा रहेको सम्बोधक 'म' ले सम्बोधित 'साथी' को द्धितीय पुरुष 'तिमी' लाई विषयालम्बन विभावको रुपमा स्थापित गर्दै सम्बोधन गरी आफ्ना विमतिमय भाव प्रकट गरेको छ । यहाँ आश्रयालम्बन र विषयालम्वन विभावका विच वैचारिक, भावनात्मक र स्वभावगत विपरीतता पाइन्छ । प्रकृतिप्रदत्त रहेका सबै वस्तुहरूलाई मानव मनले ग्रहण गर्ने भावमा सम्बोधक 'म' र सम्बोधित 'तिमी' बिचको अन्तरालले स्थायी भावलाई उकास्ने काम गरेको छ । विभावका स्थानमा ढुङ्गाको कठोरता, काँडाको तीखोपन र पहाडको अटल स्वभावलाई मानवीय संवेदनासँग जोडेर प्रस्तुत गरिएको छ । यी वस्तु तथा भावको पृथक स्वभाव नै विस्मयी स्थायी भावलाई जागरुक गराउने कारक बनेको छ । यसरी आलम्बन विभाव र विषयगत उद्दीपन विभावको समुच्चयबाट संसारले थावरको रूपमा स्वीकारेको वस्तुलाई पनि कवि हृदयले प्राणमय रूपमा स्वीकार्नुले विस्मय स्थायीभावलाई उद्दीप्त तुल्याइ अद्‌भुत रस निष्पन्न भएको छ ।

म माघको ठण्डीमा
ताराको सेतो प्राथमिक राप तापेर
बसिरहेको थिएँ,
दुनियाँले मलाई तरङ्गी भने !
भष्मेश्वरबाट फर्कदा सात दिन
टोह्लाएको देखेर
भूत लागेको भने !

प्रस्तुत काव्यांशमा वक्ताको भूमिकामा रहेको म पात्र आश्रयालम्बन विभावको स्थानमा र सम्बोधक म लाई आरोपित गर्ने दुनियाँ विषयालम्बन विभावको रुपमा आएको छ । आलम्बन विभावका आश्रय र विषय उद्दीपन विभावका स्थानमा माघको ठण्डी, ताराको पहिलो राप, भूत लाग्नु आदि रहेका छन् । माघको जाडोमा ताराको राप ताप्दा तरङ्गी र भष्मेश्वरबाट फर्किदा भूत लागेको कुराबाट आरोपित सम्बोधक र आरोपक सम्बोधितका बिच वैचारिक रुपमा असमान अवस्था सिर्जना भएको छ । यहाँ माघको ठण्डीमा कविनिबद्ध सम्बोधक तारा उदयको दृश्यमा मग्न हुनु, श्मसानघाटबाट फर्किदा जीवनको अन्तिम सत्य मृत्यु नै रहेछ भन्ने जीवनको क्षणभङ्गुरता बोधका साथ भावुक भई टोलाउनुका सङ्केतले विस्मय स्थाथीभाव जागृत भइ अद्भुत रस अभिव्यक्त भएको छ ।

माथि उल्लिखित विभावसहित यस कवितामा लम्पसार परेर सुतिरहेको परिवेश, भँगेरा टाउके छापा, जाली झुट परिवेश, निमुखा दुनियाँ, अमानव मानवजगतका साथै सम्बोधित तिमी या साथीको विपरीत उभिएर ग्रहण गरेका सवै व्यक्ति, वस्तु, ठाउँ, परिवेश, स्वभाव आदि विभावादि कारणबाट चित्तवृत्तिको विभावन भई यस कवितामा विस्मय या आश्चर्य स्थायीभाव जागृत हुन पुगी अद्भुत रसको निष्पति भएको छ ।

**पागल कवितामा अनुभाव र विस्मय या आश्चर्य स्थायीभावको सम्बन्ध**

स्थायी भावको अनुभव गराउने रस-सामग्रीलाई नै अनुभाव भनिन्छ । विभावका कारण उत्पन्न भावलाई वाह्य रुपमा प्रकाशित गर्ने चेष्टा नै अनुभाव हो । रसनिष्पतिको सन्दर्भमा अनुभाव कार्यतत्व या सूचक हो । विस्मयी या आश्चर्य स्थायीभाव रहेको अद्भुत रसको अनुभावको रुपमा स्तम्भ, रोमाञ्च, हेला, स्वेद, वैवर्ण्य, प्रलय, नेत्र ठुलो हुनु, कम्प, स्वरभङ्ग आदि पर्दछन् । यिनै अनुभावादि कारणले गर्दा नै स्थायी भाव उत्पन्न गर्ने कार्य विकास भई रस निष्पति हुने भएकाले यो रसको कार्यतत्व हो । प्रस्तुत अध्ययनमा पागल कवितामा अनुभाव र विस्मय या आश्चर्य स्थायीभावको सम्बन्धलाई विश्लेषण गरिएको छ :-

तिमी गुलाफलाई गुलाफ सिवाय देख्न सक्तैनौ,
म उसमा हेलेन र पद्मिनी पाउँछु,
तिमी बलिया गद्य छौ !
म तरल पद्य छु !
तिमी जम्दछौ जब म पग्लन्छु,
तिमी सङ्लन्छौ जब म धमिलो बन्छु,
र ठीक त्यसैको उल्टो !
तिम्रो संसार ठोस छ !
मेरो बाफ !
तिम्रो बाक्लो, मेरो पातलो !

प्रस्तुत कविताका प्रत्येक हरफमा सांसारिक कुरा अभिव्यक्त छ । तर देवकोटा यो संसारको मान्यताभन्दा बाहिर छन् । संसारको गतिभन्दा ठीक उल्टो गतिमा सम्बोधक 'म' उभिएका छन् । गुलाफमा हेलेन र पद्मिनी पाउँनु, म पात्र पग्लदा सम्बोधित तिमी जम्नु र धमिलो हुँदा सङ्लिनु, बाक्लोलाई पातलो र ठोस संसारलाई बाफ सम्झिनु आदि कवि मनभित्रका आमसंसारभन्दा बेग्लै दृष्टिकोण समेटिएको कायिक तथा मानसिक अनुभाव रहेका छन् । यिनै अनुभावादि क्रियाले विस्मयी स्थायीभाव पैदा भई पूर्ण रूपमा अद्भुत रस रूपमा व्यक्त भएको छ ।

मैले वसन्तको पहिलो कोकिल सुनेर
नाचेको देख्दा,
बहुला भने !
एक सुनसान औंसीले मलाई निशास भएर
म प्रलय-वेदनाले उफ्रेँ !
मूर्खहरूले मलाई त्यस बेला ठिङ्गुरा हालेर राखे !
म तुफानसँग एक दिन गीत गाउन थालेको थिएँ,
मलाई बुज्रुगहरूले,

राँची पठाइदिए !

प्रस्तुत काव्यांशमा बसन्तको कोकिल सुन्नु, नाँच्नु, प्रलय वेदनाले उफ्रनु, गीत गाउनु, सम्बोधक 'म' लाई ठिङ्गुराउनु र राँची पठाउनु आदि

वाह्य कार्यरुप चेष्टाहरू अनुभावको रुपमा चित्रित छन् । यहाँ सम्बोधक 'म' को मार्मिक अनुभूतिका तहहरूको विपरीततामा मूर्ख र बुज्रुकहरूको अनुचित क्रियाकलापबाट विस्मयी स्थायी भावको प्रकटीकरण भएको छ । कवितामा उत्पन्न भाव व्यक्त गर्न विविध रुपमा आएका यी प्रकाशित कार्यरुपले विस्मयी स्थायीभाव व्यक्त गरेको छ ।

जब भँगेरा-टाउके छापाको कालो मिथ्याले
मेरो विवेक-वीरलाई
जाली झुठले ललकार्छ
तब हुन्छन् मेरा गाला राता साथी !
सल्केको गोलझैं राता
जब निमुखा दुनियाँ कालो जहर पिउँदछ,
दुई कानले
मेरा आँखासामुन्ने अमृत भनेर,
तब हुन्छन् ठाडा मेरा रौं,
गर्गनका सर्पकेश झैं, मेरा जिस्क्याइएका रौं, रौं !

प्रस्तुत काव्याशंमा सम्बोधक 'म' को विवेकलाई दुनियाँको जाली झुटले लकार्दा सल्केको गोल झैं गाला रातो हुनु, निमुखा दुनियाँले कालो जहर पिउँदा रौं ठाडो हुनु आदिजस्ता चेष्टाहरूबाट कवितामा  अनुभावको प्रकटीकरण भएको छ । जालझेलरूपी झुठको दुनियाँलाई नचिनेर भ्रममय जीवन बाँचिरहेका  मान्छेहरू र यिनै अकुशल कर्ममा रमाइरहेको संसारप्रति कविको तीव्र असन्तुष्टि पोखिने क्रममा देखिएका कार्यरुप चेष्टाले विस्मित परिस्थिति जन्माएपछि विस्मय स्थायीभाव प्रबुद्ध भई अद्भुत रसको उद्बोधन भएको छ ।

जब मानवले मानवलाई मानव ठान्दैन साथी
तब कडकडाउँछन् मेरा बत्तीस दन्ते बङ्गारा,
दुवै !
जस्तो भीमसेनका दाँत !
अनि,
प्रकोपको लाल-लाल आँखाका डल्ला,
फनक्क घुमाएर एक डबलले, म
यो अमानवको मानवजगतलाई,
एक आगोको लप्काले झैं हेर्दछु, साथी
उफ्रिन्छन् मेरा कलपुर्जा,
खलबल, खलबल !

प्रस्तुत काव्याशंमा बत्तीस दन्ते बङ्गारा कडकडाउनु, लाल आखाँका डल्ला फनक्क घुमाउनु, आगोको लप्काले झै हेर्नु आदि क्रियाले कायिक अनुभावलाई व्यक्त गरेको छ । सम्बोधक 'म' को भावना यी कविताका हरफहरूमा मानवतावादी कोणबाट प्रकट भएका छन् । मान्छेले मान्छेलाई अमानुष ठान्ने अवस्थाको चित्रण गर्दै त्यसप्रति सम्बोधक 'म' को आवेगमय भाव प्रकट गर्ने क्रममा देखिएका कायिक अनुभावका माध्यमबाट विस्मयी स्थायीभाव अद्भुत रस रूपमा प्रकट भएको छ ।

माथि उल्लिखित अनुभावसहित यस कवितामा लोकले अस्तित्वहीन मान्ने कुरालाई सम्बोधक म ले स्वीकार्ने क्रममा शब्दलाई देख्नु, दृश्यलाई सुन्नु, आकाशभन्दा पातला कुरा छुनु, वासनाको स्वाद लिनु, ढुङ्गालाई फूल देख्नु, छैटौं इन्द्रियले काम गरेको ठान्नु, सम्बोधित तिमीको उपहासपूर्ण कथनमाथि विरोधको भाषा बोल्नु, पहाडको स्थिरतालाई वाचाल देख्नु, ढुङ्गाको कठोरतालाई कोमल देख्नु, स्वयम्लाई मरेको सम्झनु, लम्पसार पर्नु, लोकले नस्विकार्ने यी सबै कुरा स्वीकार्नु आदि अनुभावादि अनुक्रियाले सम्बोधक म को मानसिक भूगोलमा विस्मित परिस्थिति जन्मिएबाट विस्मयी स्थायी भावको उदय भएको  छ । सम्बोधित तिमी या साथीको विपरीत उभिएर ग्रहण गरेका अनुभावादि क्रियाबाट यस कवितामा विस्मय या आश्चर्य स्थायीभाव जागृत हुन पुगी अद्भुत रसको निष्पति भएको छ ।

### ३.३ कवितामा सञ्चारी भाव र विस्मय या आश्चर्य स्थायीभावको सम्बन्ध

स्थायी भावलाई उकास्न आउने अस्थाथी स्वभाव भएको भावलाई सञ्चारी भाव भनिन्छ । स्थायी भावको पुष्टिका निम्ति यो अस्थायी भाव कहिले हराउँने कहिले देखिने हुँदा यसलाई सञ्चारी भाव भनिएको हो । आचार्य भरतमुनिको अनुसार सञ्चारी भाव तेत्तिस प्रकारका रहेका

छन् । यिनै सञ्चारी भावले गर्दा नै विस्मय स्थायी भावलाई रसावस्थामा पुरचाई आस्वाद्य बनाउने भएकाले यो रसको सहकारी तत्व हो । प्रस्तुत अध्ययनमा पागल कवितामा सञ्चारी भाव र विस्मय या आश्चर्य स्थायीभावको सम्बन्धलाई विश्लेषण गरिएको छ :-

जरुर साथी म पागल !
यस्तै छ मेरो हाल !
म शब्दलाई देख्दछु !
दृश्यलाई सुन्दछु !
बास्नालाई स्वाद लिन्छु !
आकाशभन्दा पातला कुरालाई छुन्छु !
ती कुरा,
जसको अस्तित्व लोक मान्दैन
जसको आकार संसार जान्दैन !
म देख्दछु ढुङ्गालाई फूल !

प्रस्तुत काव्याशंमा व्याख्येय सम्पूर्ण कुरा जसको अस्तित्व लोक मान्दैन ती कुरालाई सम्बोधक 'म' ले स्वीकारेका छन् । जीवननगत्का यावत कुरामाथि कविले भिन्न दृष्टिकोण राखी आश्चर्यमिश्रित भाव अभिव्यक्त गरेका छन् । यहाँ स्वप्न, स्वेद, आवेग, वितर्क जस्ता सञ्चारी भावको सञ्चरणबाट अद्भुत रस प्रकाशनको लागि एउटा सिलसिला तयार भएको छ । शब्द, दृष्य, वासना, आकाश, ढुङ्गा आदिलाई परम्परित भाष्यभन्दा फरक चेतनाको उपल्लो स्तरबाट ग्रहण गर्दै चामत्कारिक अर्थ दिनुले विस्मयी स्थायीभावको पुष्टि गहन बनेको छ । यही स्थायी भावले अद्भुत रस निष्पतिका लागि सहकारी काम गर्दछ ।

म आफूलाई एक दिन मरेको सम्झेर
लम्पसार थिएँ,
एक साथीले बेसरी चिमोटिदिए
र भने, 'ए पागल तेरो मासु अझ मरेको छैन !'
यस्ता कुरा भए साल, साल !
पागल छु साथी !
यस्तै छ मेरो हाल !

प्रस्तुत काव्यांशमा मानवताको सङ्कटपूर्ण अवस्थाको चित्रण सम्बोधक 'म' को वैयक्तिक अनुभूतिबाट प्रकट भएको छ । यहाँ स्वप्न, दैन्य, आवेग, निर्वेद, अमर्ष, विषाद्जस्ता सञ्चारी भावको सञ्चरणबाट अद्भुत रस निष्पतिका लागि एउटा निश्चित श्रृङ्खला तयार भएको छ । प्रस्तुत साक्ष्यमा कथनकर्ता 'म' लाई मरेको ठानी सम्बोधित साथीले चिमोट्नु, नमरेको व्यक्ति मरेको झै अभिनय गरेर सुतेकोमा आश्चर्य प्रकट गर्नु र सम्बोधकले आफैलाई पागल आरोपित गर्नुजस्ता भावले सञ्चरणशील भावको निर्माण गरेको छ । यिनै भावको गतिशीलताबाट विस्मयी स्थायीभाव रसावस्थाको उत्कर्षमा पुगी अद्भुत रस निष्पति भएको छ ।

तिम्रा महापण्डित, मेरो महामूर्ख !
तिम्रो स्वर्ग, मेरो नरक !
तिम्रो सुन, मेरो फलाम
साथी ! तिम्रो धर्म मेरो पाप !
जहाँ तिमी आफूलाई चलाक सम्झन्छौ,
उहाँ म देख्छु तिमीलाई बिलकुल लाटा !
तिम्रो उन्नति, मेरो अवनति,
यस्तै छ मोलमोलाइको उलट-पलट,

प्रस्तुत काव्याशंमा सम्बोधितसँगको तर्कमा प्रस्तुत भएका कवि हृदयको अनुभूतिले अरुको स्वीकार्य पक्षलाई लत्याएको छ । सांसारिक खातामा अटाएका सबै हिसाबकिताबलाई मिथ्या ठान्दै कविको आफ्नै पृथक दृष्टिकोण यी हरफहरूमा प्रकट भएको छ । सम्बोधितको महापण्डितलाई महामूर्ख, स्वर्गलाइ नरक, सुनलाई फलाम, धर्मलाई पाप, उन्नतिलाई अवन्नति भन्दै फरक दृष्टि पस्किनुले वितर्क, जडता, आवेग, विवोध, असूया, गर्वजस्ता सञ्चारी भाव आएका छन् । यी भावबाट विस्मय स्थायीभाव सञ्चरीत भई अद्भुत रस परिपाकावस्थामा पुगेको पाइन्छ ।

माथि उल्लिखित सञ्चारी भावसहित यस कवितामा लोकले मान्ने गणितीय व्याख्यामा विमति राख्नु, छैटौं इन्द्रियले काम गरेको भन्नु, गुलाफको फूलमा पद्मिनी र हेलेन पाउँनु, माघको ठण्डीमा ताराको राप ताप्नु, बसन्तको कोकिल सुनि नाच्नु, अन्धालाई दुनियाँको अगुवा देख्नु, सांसारिक भ्रुटले सम्बोधकको विवेकलाई लकार्नु आदि क्रियाहरूले विस्मयकारी परिस्थिति जन्माउँदै विस्मयी स्थायी भावको उदय भएको छ । सम्बोधित तिमी या साथीको तर्क विरुद्ध भावको आँधी पोखिने क्रियाबाट यस कवितामा विस्मय या आश्चर्य स्थायीभाव जागृत हुन पुगी अद्भुत रसको निष्पति भएको छ ।

यसरी प्रस्तुत कवितामा सन्दर्भमा आएका विभिन्न विभाव, अनुभाव र सञ्चारी भावको परस्परिक सम्बन्धबाट विस्मयी या आश्चर्य स्थाथीभावलाई उद्दीप्त तुल्याई अद्भुत रसप्राप्तिको आधार निर्माण गरेको छ ।

**विस्मय या आश्चर्य स्थायी भावको साधारणीकरणद्वारा अद्भुत रसको निष्पत्ति**

काव्यको रसास्वादन गर्ने प्रक्रियामा असाधारण विषयलाई सामान्य या सार्वजनीन बनाउनु नै साधारणीकरण हो । साधारणीकरण सामान्यीकृत स्थितिको त्यो रुप हो जहाँ वस्तु, स्थान र भावभन्दा माथि उठेर निर्वैयक्तिकताको अनुभव हुन थाल्छ । यस्तो अवस्थामा कवि र भावकको भावात्मक दृष्टि समान हुन्छ । यसरी पूर्वीय काव्यशास्त्रमा रससिद्धान्त अर्न्तगत रसनिष्पतिको प्रश्नलाई हल गर्न साधारणीकरणको सिद्धान्त एक विशिष्ट उपलब्धिको रुपमा रहेको छ ।

प्रस्तुत अध्ययनमा लिइएको पागल कविता कवि लक्ष्मीप्रसाद देवकोटाको जीवनजगत्प्रति व्यक्त काव्यिक अभिव्यक्तिको बेजोड नमुना हो । कवि मनभित्रको आन्तरिक संसारलाई बाहृय जगत्ले सधै उपेक्षा र अवमूल्यन गरेबाट सम्बोधित म अर्थात समाख्यातामा विस्मयका अनगिन्ती श्रृङ्खलाहरूको चित्तवृत्तिबाट अद्भुत रस निष्पति भएको छ । प्रकतिको विराट रुपसँग गाँसिदै चेतनाको उच्च तहमा पुगी सूक्ष्म कुराको बोध गर्दै सम्बोधितको उपहास र तिरस्कारपूर्ण कथनका कारण सिर्जित परिस्थिति र घटनामाथि सम्बोधकको आवेगमय तर्कले विस्मयको भाव ग्रहण गर्दा विस्मय स्थायीभाव जागृत भई अद्भुत रसको निष्पति भएको छ । समाख्याताभित्र तरङ्गित जीवन र जगत्प्रतिको गहिरो संवेदनामाथि सधैं असंवेदनशील दुनियाँको विरुद्धमा भावक मन पटक पटक उद्वेलित हुन पुगी विस्मय स्थायीभाव संचरित हुनपुग्छ । यसर्थ भावक मन सम्बोधित म बाट उद्धृत व्यापक जीवनबोध र सत्यनिष्ठताको अनुभूतिजन्य भावहरूको लयमा समेटिन पुगी समानुभूतिको विन्दुमा एकाकार हुन सफल भएबाट साधारणीकरणको अवस्थामा पुगेको पाइन्छ ।

महाकवि देवकोटाले जीवनको वक्ररेखामा अनुभुत गरेका तिक्ततापूर्ण क्षणहरू, उपेक्षा र तिरस्कारमयी वचन, वेजोड भावुकतामाथि उपहास, मानवतामाथिको प्रहार आदि विरुद्ध व्यक्त गरेको व्यङ्ग्यको प्रचुरता, तर्कपूर्ण विचार प्रवाह, दृढ संकल्प, आवेगको आँधी, अनुभूतिको पृथक प्रस्तुति आदिले सम्बोधक म र भावकबीच भावात्मक दृष्टि एक भएर काव्यगत स्थायीभावको आस्वादन गरी भावकले रसानन्द प्राप्त गर्दछ । यसरी भावकत्व व्यापारले कवितामा व्यञ्जित देश, काल, व्यक्तिको विशिष्टताबाट माथि उठेर सार्वकालिक, सार्वभौम, सार्वजनिन रुप ग्रहण गर्दै सामान्यीकृत अवस्थालाई सहृदयीले आत्मसाथ गर्न पुग्नु नै यस कविताको साधारणीकरणको अवस्था हो ।

**निष्कर्ष**

प्रस्तुत लेख लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'पागल' कवितामा अद्भुत रसको उद्बोधन विषयमा केन्द्रित रहेको छ। समाधेय समस्याको रुपमा रहेको विषयगत प्रश्नको निचोड निकाल्न यस कवितामा व्यक्त भएको विभाव, अनुभाव तथा सञ्चारी भाव र विस्मय स्थाथीभावको सम्बन्ध र विस्मय या आश्चर्य स्थायीभावको साधारणीकरणद्वारा अद्भुत रसको निष्पतिलाई विश्लेषण गरिएको छ। समाजको निन्दनीय कार्यविरुद्ध सम्बोधक 'म' को मानसिकतामा प्रतिउत्तरको रुपमा आएको आवेशले विस्मयको स्वरुप ग्रहण गर्ने सन्दर्भमा प्रस्तुत काव्याशंमा अद्भुत रस अभिव्यञ्जित भएको पाइन्छ । प्रस्तुत लेखमा वर्णनात्मक व्याख्या विश्लेषण विधिको उपयोग गरिएको छ भने प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको खोजी पुस्तकालयका माध्यमबाट गरिएको छ । 'पागल' कविताबाट अद्भुत रसको उपस्थिति रहेका काव्याशंहरू यस अध्ययन पत्रको प्राथमिक स्रोतका सामग्री हुन् भने पूर्वीय साहित्यशास्त्रको रससिद्धान्तअन्तर्गतका अद्भुत रस र विस्मय स्थायी भावसँग सम्बद्ध सैद्धान्तिक सामग्रीहरू द्वितीयक स्रोतका सामग्री हुन् । यिनै सामग्रीहरूमा आधारित रही अध्ययन, अनुसन्धान र विश्लेषणबाट समस्या समाधानको निचोडमा पुग्ने प्रयत्न गरिएको छ। सम्बोधकले तत्कालीन समाज र सन्दर्भलाई जोड्दै मानवीय मूल्य, मान्यता विपरीत समाजमा स्थापित रूढ परम्परागत भाष्यहरूको सवालमा उठेका अनेकन् प्रश्नहरूको जवाफ दिने क्रममा विस्मयी स्थायीभाव जागृत भई अद्भुत रस प्रकाशित भएको पाइन्छ ।

प्रस्तुत लेख विश्लेषणको क्रममा संसारले स्थावरको रूपमा चित्रित गरेको वस्तुलाई पनि कवित्वको शक्तिले प्राणवान् रूपमा स्वीकार्नु, सांसारिक वस्तुप्रतिको वितृष्णा र सांसारिक मान्यताप्रति भन्दा मानवीय चेतनाप्रति उद्भूत हुनु, संसारको मान्यताभन्दा बाहिर रही जीवननगत्का यावत कुरामाथि कविले भिन्न दृष्टिकोण राख्नु र यी सबै परिस्थितिमाफ सम्बोधकले आफैलाई पागल आरोपित गर्नु आदि कुराबाट आश्रयमिश्रित भाव अभिव्यक्त भएका कारणले विस्मय स्थायीभावलाई उद्दीप्त तुल्याइ अद्भुत रस आविर्भूत भएको छ । विस्मय स्थायी भाव जागृत हुन पुगेको

छ । यसरी व्यङ्ग्यात्मक तवरले समाजको असहिष्णु व्यवहारप्रति काव्यिक झटारो हान्ने क्रममा विस्मित परिस्थितिहरू जन्मिदै सम्बोधित 'म' सांसारिक जीवनका विकृति, विसङ्गति, र प्रतिकूल अनुभवको प्रकाशनको लागि विभाव, अनुभाव र सञ्चारी भावजस्ता लौकिक सामग्रीको माध्यमबाट प्रवाहित हुँदा विस्मयी या आश्चर्य स्थायीभावलाई उद्दीप्त तुल्याई अद्भुत रसप्राप्तिको आधार निर्माण भएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *पूर्वीय समालोचना सिद्धान्त* (सातौं संस्क.), साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६१), *पूर्वीय साहित्यसिद्धान्त* , साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), *साहित्य-प्रकाश,* साझा प्रकाशन ।

गड्तौला, नारायणप्रसाद (२०७१), *रस र ध्वनि सिद्धान्त,* प्रगति प्रकाशन ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय* (चौथो संस्क.), साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०१०), पागल, *प्रज्ञा आधुनिक नेपाली कविता* (सम्पा.लक्ष्मणप्रसाद गौतम), नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, मृगेन्द्रमानसिंह (२०३३), *अभिनय दर्पण,* पाठचक्रम विकास केन्द्र ।

शर्मा, रेखा (२०२३), पागल कवितामा रसविधान, *सहयात्रा,* अङ्क ६, पृ.१४७–१६०. https://doi.org/10.3126/sahayaatra.v6i1.58489

भट्टराई, गोविन्दप्रसाद अनु. (२०७७), *भरतमुनिको नाट्यशास्त्र,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, यादवप्रसाद (२०२२). ध्वन्यात्मक अभिव्यञ्जनाका दृष्टिमा पागल कविता, *आरएमसी-इन्टरडिसिप्लिनरी जर्नल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्स,* अङ्क ३, पृ. १०८-११९https://saraswaticampus.edu.np/volume-3-no-2/


**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-note:** Laxmi Rumba is pursuing Mphil in Nepali Literature from Tribhuvan University Nepal.